Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १३७ | वि.सं. २०८३ भदौ १३ शनिवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल पूर्णिमा | Saturday 29 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### भोटेकोसीको प्रलयकारी बाढी

# लासको लाइनमा आफन्त भेटिने आश

**यो प्रलयकारी विपद्ले अकल्पनिय क्षति मात्र गराएन, त्रिशूली नदीवारी र पारीको लाइफ लाइन नै चुँडाएको छ । भोटेकोसीको बाढीले कति मान्छे बगायो ? कति धनजनको क्षति भयो ? यसको कुनै लेखाजोखा छैन । बाढीपछिको पुनर्निर्माणमा कति लागत र समय लाग्छ भन्ने जस्ता प्रश्नहरु अनुत्तरित बनेका छन् ।**



**◣ओम शाही**
**सुर्खेत, १२ भदौ ।**

भोटेकोसीमा बुधबार आएको भिषण बाढीमा परी हालसम्म पाँच सय ५३ जनाको मृत्यु भएको छ। नेपाल प्रहरीले शुक्रबार साँझ सार्वजनिक गरेको तथ्यांक अनुसार भोटेकासी हुँदै त्रिशुली नदीमा आएको बाढीमा परी मृत्यु भएका पाँच सय ५३ जनाको शव फेला परेको हो। सरकारले बाढीपछिको उद्धार, राहत र पुनर्स्थापनालाई युद्धस्तरमा अघि बढाइ रहेको छ।

नेपाली सेना तथा निजी हवाई सेवा प्रदायकहरुका हेलिकप्टरमार्फत प्रभावित क्षेत्रबाट शुक्रबार साँझसम्म तीन हजार सात सय ४२ जनाको उद्धार गरिएको छ। प्रहरीका अनुसार बाढीपछि नौ सय ७७ जना अझै सम्पर्कविहीन छन्। सम्पर्क विहीनमध्ये सबैभन्दा बढी विदेशी नागरिक छन्। अहिलेसम्म पाँच सय १७ जना विदेशी नागरिक सम्पर्कविहीन रहेका छन् भने नेपालमा घुम्न आएका विदेशमा बस्ने नेपाली एक सय २७ को अवस्था अज्ञात छ। त्यस्तै, सम्पर्कविहीन हुनेमध्ये २८ जना नेपाल प्रहरी, ४५ जना नेपाली सेना, सशस्त्र प्रहरी बलका १३ जना, भन्सार कार्यालयका १५ जना र अध्यागमन कार्यालयका चार जना कर्मचारी छन्।

हेलिकोप्टरमार्फत उद्धार गरिएका घाइतेमध्ये काठमाडौंका विभिन्न अस्पतालमा उपचार गराई ९४ जना डिस्चार्ज भएको प्रहरीले जनाएको छ। उद्धारका लागि नेपाली सेना र निजी क्षेत्रका ७८ वटा हवाई उडान, चार हजार चार सय ७३ जना नेपाल प्रहरी, ६ हजार ६ सय ९६ नेपाली सेना तथा ६ हजार तीन सय ५८ जना सशस्त्र प्रहरी खटिएका छन्। शुक्रबारबाट विद्युत उत्पादनको हव मानिने रसुवा र नुवाकोट जिल्लामा निर्माणाधिन जलविद्युत आयोजनाका सुरुङमा फसेकालाई नेपाली सेनाले उद्धार गर्न सुरु गरेको छ।

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का अनुसार बाढीले निर्माणधिन जलविद्युत आयोजनामा कार्यतर ठुलो संख्यमा कर्मचारी र मुजदुरहरुको अवस्था अज्ञात छ। रसुवा र नुवाकोटमा बाढीका कारण जलविद्युत आयोजनामा ठुलो क्षतिसमेत भएको छ। इप्पानको तथ्यांक अनुसार निर्माणाधीन दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनामा काम गर्ने एन्ड्रिज हाइड्रोका ७६ जना सम्पर्क विहीन छन्।

जसमध्ये आधा नेपाली र आधा विदेशी छन्। आयोजनाको प्रवर्द्धक नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनीका ११ जनाको अवस्था अझै अज्ञात छ। यी मध्ये आयोजनामा कार्यरत आठ जना कोरियन नागरिक छन्। आयोजनाको परामर्शदाता जेड कन्सर्ल्ट र लामा जेभियर्स जेभीका सात जना पनि सम्पर्क विहीन भएको जनाइएको छ। साथै, आयोजनामा कार्यरत १२ जना हेडवर्क्स क्षेत्रमा र दुई जनाभन्दा बढी विद्युतगृह (पावर हाउस) क्षेत्रमा उद्दारको पर्खाइमा रहेको जनाइएको छ।

त्यस्तै, रसुवागढी एक सय ११ मेगावाट आयोजनामा कार्यरत ५१ जना सम्पर्क विहीन छन्। पाँच मेगावाटको मैलुङ खोला आयोजनाको विद्युतगृहमा कार्यरत आठ जना कर्मचारी हालसम्म सम्पर्कमा आएका छैनन्। उनीहरुसँग बुधबारदेखि नै सम्पर्क हुन नसकेको जनाइएको छ।

त्यस्तै, एक सय २० मेगावाटको रसुवा भोटेकासीमा सिभिल कन्ट्र्याक्टर सिनो हाइड्रोका दुई जना हराइरहेका छन्। २० मेगावटको लाङटाङ खोला जलविद्युत आयोजनामा बुधबार सुरुङमा थुनिएर सम्पर्क विहीन भएका ६० जना (२५ जना स्टाफ र ३५ जना कामदार) सँग सम्पर्क स्थापित हुन नभएको इप्पानले जनाएको छ।

## कर्णालीका दुई सय आठको अवस्था अज्ञात

भोटेकोसीको बाढी पश्चात कर्णालीख प्रदेशका दुई सय आठ जना सम्पर्कविहीन भएका छन्। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार परिवारको सम्पर्कमा नरहेका दुई सय ६५ मध्ये ५७ जना सम्पर्कमा आएका छन्। अन्यको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ।

परिवार तथा आफन्तहरुको सम्पर्कमा नरहेकाहरु अधिकांश रसुवा र नुवाकोट लिल्लामा जलविद्युत आयोजनामा कार्यरत मजदुर छन्। प्रहरीको पछिल्लो अध्यावधिक तथ्यांक अनुसार बाढी पश्चात सम्पर्कविहीन हुनेहरु जुम्लाका धेरै छन्। जुम्लाबाट ९० पुरुष हालसम्म पनि परिवारको सम्पर्कमा आएका छैनन्।

त्यस्तै, सल्यानबाट ४१ पुरुष, ११ महिला, दुई बालक र एक बालिका गरी ५५ जना परिवारको सम्पर्कमा छैनन। सुर्खेतका १६ पुरुष, एक महिला गरी १७,

▶▶ बाँकी ३ पेजमा

## लास खोज्न आफन्तको लाइन

भोटेकोसी नदीको भीषण बाढीले हजारौंको ज्यान मात्र लिएन, जीवित बचेका, छुटेकाको जीवन निकै कष्टकर बनेको छ। रसुवा, नुवाकोट र धादिङको त्रिशूली नदीपारिका सर्वसाधारणको लाइफ लाइन नै टुटेको स्थिति छ। खोलाको दुई किनाराका बस्ती, शहर, बजार उजाडिएका छन्।

यो महाविपत्तिले सोमाथिका गाउँ बस्तीसँगका सबैखाले सम्पर्क, कनेक्टिभिटी टुटाएको छ। बत्ती छैन, जिल्ला सदरमुकामसँग जोड्ने कुनै खालको सडक सञ्जाल, पुलको कनेक्टिभिटी छैन। फोन, बत्ती, बाटो कुनै पनि लाइफ लाइनसँग जोडिएको आधार नहुँदा गाउँ शोकसँगै अन्धकारमा डुबेको छ।

यो प्रलयकारी विपद्ले अकल्पनीय क्षति मात्र गराएन, त्रिशूली नदीवारि र पारिको लाइफ

▶▶ बाँकी ३ पेजमा

## बर्दियामा परिवार नियोजनभन्दा गर्भपतनको सहारा लिने प्रवृत्ति बढ्दो



**◣सरला सुवेदी**
**बर्दिया, १२ भदौ ।**

बर्दियामा अनिच्छित गर्भ रोक्न परिवार नियोजनका अस्थायी साधन नियमित रूपमा प्रयोग गर्नुभन्दा गर्भ रहेपछि सुरक्षित गर्भपतन गराउने प्रवृत्ति बढ्दै गएको पाइएको छ। जिल्लाका कतिपय स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेभन्दा सुरक्षित गर्भपतन सेवा लिन आउने महिलाको संख्या बढी देखिएको स्वास्थ्यकर्मीले बताएका छन्।

गुलरिया नगरपालिका-३ स्थित खैरापुर स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा आर्थिक वर्ष २०८२/८३ मा १११ जना सुत्केरी भएका थिए। सोही अवधिमा १२२ जनाले सुरक्षित गर्भपतन सेवा लिएको स्वास्थ्य चौकीका प्रमुख जनक योगीले बताए।

उनका अनुसार लामो समयसम्म दम्पती सँगै नबस्ने, नियमित गर्भनिरोधक साधन प्रयोग नगर्ने तथा आकस्मिक गर्भनिरोधक चक्कीमा निर्भर हुनेजस्ता कारणले अनिच्छित गर्भ रहने र त्यसपछि गर्भपतन गराउने प्रवृत्ति देखिएको छ। "नियमित गर्भनिरोधक साधन प्रयोग गर्नेभन्दा गर्भ रहेपछि गर्भपतन गराउने प्रवृत्ति बढेको देखिन्छ," उनले भने।

राजापुर नगरपालिका-६ स्थित पानपुर स्वास्थ्य चौकीमा पनि सुत्केरी गराउन आउनेभन्दा गर्भपतन सेवा लिन आउने सेवाग्राहीको संख्या बढी छ। स्वास्थ्य चौकीका प्रमुख डिल्ली खनालका अनुसार मासिक दुईदेखि तीन जना सुत्केरी हुने गरेकामा पाँचदेखि छ जनासम्म गर्भपतनका लागि आउने गरेका छन्। उनका अनुसार औषधी पसलबाट चिकित्सकको परामर्शबिनै औषधि खरिद गरेर असुरक्षित रूपमा गर्भपतन गराउनेको संख्या पनि उल्लेख्य छ।

बर्दिया अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. कृष्ण खनालका अनुसार अस्पतालमा दैनिक पाँचदेखि छ जनासम्म गर्भपतनका लागि आउने गरेका छन्। औषधी पसलबाट आफूखुशी औषधी सेवन गरी समस्या देखिएपछि उपचारका लागि अस्पताल आउने महिलाको सङ्ख्या पनि रहेको उनले बताए।

"धेरै पटक गर्भपतन गराउँदा पाठेघरमा समस्या, सङ्क्रमण, रक्तअल्पता तथा भविष्यमा गर्भ रहन कठिनाइ हुन सक्छ," डा. खनालले भने, "जटिलता बढ्दै गएमा आमाको ज्यानसमेत जोखिममा पर्न सक्छ। तर पनि गर्भपतन गराउने प्रवृत्ति बढ्दो छ।"

स्वास्थ्य कार्यालय बर्दियाका अनुसार जिल्लामा सुरक्षित गर्भपतन सेवा प्रदान गर्न २६ सरकारी र दुई निजी गरी २८ वटा स्वास्थ्य संस्था सूचीकृत छन्। कार्यालयकी सूचना अधिकारी पद्माकुमारी श्रेष्ठका अनुसार आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा एक हजार ६६३ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। यसअघि आर्थिक वर्ष २०८१/८२ मा एक हजार ७३५ र २०८०/८१ मा एक हजार ६५३ जनाले सुरक्षित गर्भपतन सेवा लिएका थिए। तर जिल्लाबाहिर गएर, सूचीकृत नभएका स्वास्थ्य संस्थामा वा औषधी पसलबाट औषधी खरिद गरी गर्भपतन गराउनेको यकिन तथ्याङ्क भने स्वास्थ्य कार्यालयसँग छैन।

सूचना अधिकारी श्रेष्ठले गर्भपतनलाई परिवार नियोजनको विकल्पका रूपमा प्रयोग गर्ने प्रवृत्ति महिलाको स्वास्थ्यका दृष्टिले चिन्ताजनक रहेको बताए। "आधिकारिक तथ्याङ्क नभए पनि सरकारी स्वास्थ्य संस्थाभन्दा निजी तथा जिल्लाबाहिरका संस्थामा गर्भपतन गराउनेको संख्या बढी रहेको देखिन्छ," उनले भने।

स्वास्थ्यकर्मीले अनिच्छित गर्भ रोक्न नियमित रूपमा परिवार नियोजनका साधन प्रयोग गर्न, चिकित्सकको परामर्शबिना गर्भपतनका औषधी सेवन नगर्न तथा सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरेका छन्।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

# प्रज्ञाको विवादित कविता प्रतियोगिता





✍ नरेन्द्र पराशर

नेपाल प्रज्ञा मञ्चको सोह्रौँ पूर्ण बैठक असाधारण रूपमा गम्भीर थियो। कार्य समितिका १५ सदस्यमध्ये आठ सदस्य उपस्थित उक्त बैठकको अध्यक्षता गरिरहेका थिए कुलपति युधिष्ठिर आत्रेय।

सदस्यसचिवले विगत छ महिनामा गरिएका कार्यक्रम र त्यसमा सहभागी साहित्यकार र सर्वसाधारणको तथ्याङ्क प्रस्तुत गरे।

कोषाध्यक्षले आय(व्ययबारे बताइन्। अन्त्यमा बैठकले आगामी कार्यक्रम तय गर्न तीन प्रस्ताव प्रस्तुत गर्दै आत्रेयले प्रस्तावको अन्तिम बुँदा पढे, "राष्ट्रिय कविता प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा।"

"हामीले हरेक वर्ष कविता प्रतियोगिता गर्दै आएका छौँ। तर यसपटक केही व्यापक र फरक ढङ्गले गरौँ।" आत्रेयले थपे।

उपस्थित सदस्यहरूले सहमति जनाए। सदस्य काव्यगम्भीर शर्मा र नन्दिनी चञ्चलाले करीव उस्तै प्रकारको सुझाव पेश गरेः

"यसप्रकारका कविता प्रतियोगिता सञ्चालन गर्दैगर्दा सधैँ विवाद आइरहेको छ। निर्णय पारदर्शी हुँदैन, नातावाद, कृपावाद चल्छ भन्ने आरोप आइहाल्छ। हामीले पटक पटक दोष सहनु परेको छ।" नन्दिनीले निधारमा झरेको केश पछाडि सार्दै मन्द मुस्काएर भनिन् "कविको नाम हेरेर होइन, कविता हेरेर निर्णय हुने व्यवस्था गर्नसके ठीकै हुन्छ। अन्यथा यस्तो कार्यक्रम नै नगरौँ।"

लामो छलफलपछि अन्ततः प्राज्ञिक जगतको ध्यानाकर्षण गर्नेगरी एउटा व्यवस्थित र भव्य कार्यक्रम सञ्चालन गर्ने निर्णय भयो, जसको परिणाम केही महिनापछि नेपाली साहित्यिक इतिहासमा एउटा असहज प्रश्न बन्नेछ भन्ने कुरा बैठकमा उपस्थित कसैलाई थाहा थिएन।

"स्वतन्त्र अभिव्यक्तिः मौलिक सिर्जना।" मूल नारा राखेर "राष्ट्रिय कविता प्रतियोगिता(२०८३" शीर्षकमा राष्ट्रव्यापी कविता प्रतियोगिताको लागि मञ्चले कविता दुई सय शब्दसम्मको हुनुपर्ने, कुनै पनि माध्यमबाट पूर्व प्रकाशित नभएको, मौलिक, तोकिएको मितिसम्म प्राप्त र रीत पुगेको कवितामात्र स्वीकार गरिने आदि इत्यादि आवश्यक नियमको व्यहोरासहित सूचना जारी गऱ्यो।

सूचना प्रकाशित भएपछि राजधानीदेखि गाउँसम्मका कविहरू उत्साहित भए। सामाजिक सञ्जाल तात्यो किनभने पुरस्कार राशि आकर्षक थियो : प्रथम हुनेलाई दुई लाख, द्वितीयलाई एक लाख पचासहजार र तृतीयलाई एक लाख धनराशि तोकिएको थियो।

अन्तिम मितिसम्म मञ्चको इमेलमा असी वटा कविता आइपुगे।

तीमध्ये तेईस वटा कविता महिला कविहरूका थिए। अर्को संयोग पनि रोचक थियो असी वटै कविता गद्य कविता थिए। यो प्रतियोगिता सम्पन्न गर्न कविता सङ्कलन गर्ने, तिनको कोडिङ गर्ने र निर्णायक मण्डलसमक्ष पेश गर्ने जिम्मा मञ्चका सदस्य काव्यगम्भीर शर्मामा थियो। उनले ईमेलमा प्राप्त सबै कविताहरू प्रिन्ट गरी अलग अलग फाइल बनाएर समितिका सदस्यहरूबीच ठट्यौली गर्दै भने "यो आफैँमा एउटा युगको बलियो दस्तावेज हो। छन्द लगभग हराएछ।"

नन्दिनी चञ्चला हाँसिन् र भनिन् "छन्द हराएको हो कि कविहरू छन्दबाट भागेका हुन्, त्यो चाहिँ पछि थाहा होला।"

प्रतियोगिताको स्वच्छता कायम राख्न निर्णायक मण्डलका सदस्यहरूले कुन रचना कसको हो भन्ने थाहा पाउन सक्दैनथे। मञ्चले निर्णय गरेको थियो : निर्णायकहरूले कविको नाम थाहा पाउने छैनन्। प्रत्येक कवितालाई एउटा गुप्त सङ्केतकोड दिइएको थियो, लोकसेवा आयोगको शैलीमा। कविता नम्बर ००१, कविता नम्बर ००२। कविता नम्बर ००३...यसरी नै ००८० सम्म।

तीन सदस्यीय निर्णयक मण्डलमा थिए मन्दाकिनी रजनी, डा. रसकमल प्रसन्न र भद्र प्रकाश। मन्दाकिनी रजनी प्रतिष्ठित कवि हुनुका साथै त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयकी प्राध्यापक थिइन्। त्यस्तै डा. रसकमल प्रसन्न वरिष्ठ समालोचक र काव्यमर्मज्ञको रूपमा प्रख्यात व्यक्तित्व थिए भने भद्रप्रकाश नेपाली भाषा साहित्यमा लामो समयसम्म सेवा गरेका प्रतिष्ठित लेखक थिए र गृह मन्त्रालयमा लामो समय सेवा गरेका थिए।

होटेल माउन्टेन भ्यु नगरकोटमा तीन दिनसम्म बस्नेखाने व्यवस्थासहित उनीहरूलाई प्रतियोगितामा सहभागी कविहरूको नाम, ठेगाना, उमेर, लिङ्ग, परिचय केही पनि नदिई कविताको फाइल जिम्मा लगाइयो। होटल माउन्टेन भ्युमा यी तीन निर्णयकहरूले सबै कविताहरूलाई कसरी मूल्याङ्कन गर्ने भन्ने विषयमा लामो छलफल गरे।

बृहत् छलफलपछि अन्ततः उनीहरूले मूल्याङ्कनका आठ आधार बनाएः

विषयवस्तु र भावबोध, मौलिकता र सिर्जनात्मकता, भाषा र शब्दचयन, बिम्ब, प्रतीक र कल्पना, काव्यशिल्प र संरचना, लय र ध्वनिमाधुर्य, भावात्मक प्रभाव, समग्र काव्यात्मक प्रभाव। यी आधारमा प्रत्येक कवितालाई १०० पूर्णाङ्कमा मूल्याङ्कन गरियो। दोस्रो दिन बेलुका पहिलो चरण सकिँदा एउटा कुरा स्पष्ट भयो। असीमध्ये १० कविता अरूभन्दा धेरै स्तरीय थिए। दश कविता छानिसकेपछि विदुषी निर्णायक मन्दाकिनी रजनीले भनिन्,

"यी दश कवितामा काव्यको प्राण छ।"

"ठीक भन्नुभयो। यी दश कविताभित्र नेपाली कवितारचनाको बाटो बदल्न सक्ने शक्ति छ।" डा. रसकमल प्रसन्नले मुस्कुराएर भने।

"यी कविताहरू समकालीन नेपाली काव्यसंसारको लागि नयाँ क्षितिज खोल्ने कुञ्जी हुन्। जति पढ्यो उति रहस्यमय लाग्छन्।"

भद्र प्रकाशले मुस्कुराउँदै भने,

"त्यही नै यो प्रतियोगिताको चमत्कार साबित हुनेछ।"

यसरी दश कविता अन्तिम चरणमा पुगे।

बेलुका निर्णायक मण्डलका सदस्यहरूले हलुका मदिरा पानको रमझममा यी कविहरू को को होलान् वा हुनसक्छन् भनेर अड्कल गरे। यी अड्कलमा आएका नामहरू यसप्रकार थिए : कवि तृषा भट्टचन, कवि कोमलांग विक्रम, कवि अनुपा राई, कवि विरोचन, कवि चट्यांग, कवि दोरंगा स्वामी, कवि विराट आकाश, कवि राज्याभिषेक, कवि मेधावी मेघ, कवि धीरजजी आदि इत्यादि। यद्यपि कुन कविता कसको होला भनेर यकीन गर्न नसके पनि ती कवितामा रहेका वैचित्र्यमाथि उनीहरुले कुराकानी गरिरहे।

आफूहरूले अनुमान लगाएका कविहरूकै रचना भए पनि वा नभए पनि, जसको कविता भए पनि सुन्दर र मर्मस्पर्शी कवितामाथि छलफल गर्न पाउदा उनीहरू आनन्दित थिए। उसमा पनि आयोजकले सुविधापूर्ण ठाउँमा पर्याप्त खर्च व्यहोरेर काम गर्ने वातावरण तयार गरदिएको थियो।

आयोजकका अनुसार स्तरीय तीन कविता छान्नु थियो। अन्तिम तीन कविता छान्न निर्णायक मण्डल तेस्रो दिन बिहानदेखि नै सक्रिय भयो। दोस्रो चरणमा चार नयाँ आधार तय गरिएः वैचारिक भावको गहिराइ, भाषिक कलात्मकता, बिम्बको नवीनता र समग्र काव्यात्मक प्रभाव। तीन निर्णायक गहिराइबाट फेरि मूल्याङ्कन गरे। आफूले दिएको अङ्कको आधार प्रस्तुत गरे र सहभागितामूलक ढङ्गबाट पुनः मूल्याङ्कन गरे। घण्टौँ छलफल भयो।

बीच बीचमा विवाद पनि भयो। तर पनि विदुषी मन्दाकिनीले विषयलाई नियन्त्रण गर्दै समन्वय गरेर वातावरणलाई सहज बनाइन्। एकपटक त कतिसम्म भयो भने एउटा कविताको एउटा पङ्क्तिमाथि आधा घण्टासम्म बहस भयो।

अन्ततः तीन कविता अगाडि आए।

प्रथम, "शून्यको गर्भमा ब्रह्माण्डको गर्जन"

द्वितीय, "पानीले भिजेको आकाश"

तृतीय, "अन्तिम रूखको पहिलो फूल"

निर्णायक मण्डलले आफ्नो मूल्याङ्कनको सम्पूर्ण प्रक्रियासहित निर्णयको फायल आयोजकलाई बुझाए। कुलपतिसहित सबै प्राज्ञ सदस्यहरू बसेर कविताको कोड र नाम भिडाए। नाम सदर भयो।

२०८३ माघ ३ गते विजेताको नाम घोषणा भयो। सबै सदस्यहरू गौरवका साथ यसपटकको कविता सोचेजस्तै भएकोमा गौरवबोध गरे।

प्रथम कवि अमृतांशु अधिकारी कविता- "शून्यको गर्भमा ब्रह्माण्डको गर्जन"

द्वितीय कवि अंशुमाला रगिनी - "पानीले भिजेको आकाश"

तृतीय कवि मनोज ताम्लांग– "अन्तिम रूखको पहिलो फूल"

नयाँ कविहरूको उदय भएको कुरा एकाएक सामाजिक सञ्जालमा फैलियो। धेरै मान्छेहरूले धेरै प्रकारले यो नतीजाप्रति टिप्पणी गरे। ती टिप्पणी र प्रतिक्रियाहरू हेर्दा सकारात्मकता तथा नकारात्मकताको त्यहाँ कुनै सीमा थिएन। आखिर हरेक वर्ष हुने यही हो। केहीले यसलाई सामान्यरूपमा लिए।

माघ ७ गते छनोट भएका कविताहरूको वाचन र पुरस्कार वितरण कार्यक्रम निर्धारित समयभन्दा आधाघन्टा ढीलो सुरु भयो। मञ्चका अध्यक्ष युधिष्ठिर आत्रेयले सभाको सभापतित्व ग्रहण गरे। सरकारी प्रज्ञाप्रतिष्ठानका प्रतिनिधिहरू, विभिन्न साहित्यिक संघ संस्थाहरूका प्रतिनिधिहरू, काव्यप्रेमी, साहित्यानुरागीहरूले भरिएको सभाकक्षमा प्रतियोगितामा तेस्रो स्थान प्राप्त गर्न सफल कविता "अन्तिम रूखको पहिलो फूल" वाचन गर्न कवि मनोज ताम्लांग मञ्चमा पुगे। यथायोग्य सम्बोधनपछि उनले भने : यो कविता मान्छेहरूविरुद्ध लेखिएको कविता हो। त्यसैले दर्शकतिर फर्किएर भने म यो कविता सुनाउन सक्दिनँ।

उनले पोडियममा राखिएको माइक उठाए र भित्तातिर फर्किएर आफ्नो कविता नाट्य अभिनयसहित सुनाए।

भित्तापट्टि फर्किएर कवि मनोजले कविता वाचन गरे। सबै छक्क परे। सबै स्तब्ध भए। कविता सुन्दर थियो। जब कविता वाचनको आवाज सभाकक्षमा गुञ्जियो सबै चकित भए। कविताको भाव, विचार, लय, शैली, शब्द सबै सबै स्तरीय थिए। तर कविता वाचनपश्चात् सभाकक्षमा हो हल्ला भयो। नहोस् पनि किन ? जब कि आजसम्म कुनै पनि कविले दर्शकतिर पिठ्युँ फर्काएर कविता सुनाउने दुस्साहस गरेकै थिएन। दर्शक, श्रोताको अपमान भएको, यस्तै बेढङ्गी तरिकाले कसरी सभ्यता जोगाउँछ ? यो के पारा हो ? भन्दै हो हल्ला भयो। आयोजकले स्थिति सम्हाले। केहीबेरको असहजतापछि कार्यक्रम फेरि अगाडि बढ्यो।

प्रतियोगितामा द्वितीय हुने कवि अंशुमाला रागिनीको "पानीले भिजेको आकाश" भन्नेबित्तिकै सभाकक्षमा उत्तेजना फैलियो। हो हल्ला भयो। ताली र सिट्टी एकसाथ बजे। अंशुमाला रागिनी एउटा विज्ञापन एजेन्सीमा काम गर्ने मोडेल नायिका थिइन्। उनका धेरै समर्थकहरू त्यहाँ उपस्थित थिए। उनको रूपसौन्दर्य र बोल्ड शैलीले सबैलाई आकर्षित गर्थ्यो नै। उनले "पानीले भिजेको आकाश" कविता वाचन गरिन्। सबै दर्शक श्रोताहरू चमत्कृत भए। कविताका शब्द शब्दले उनीहरूको हृदयमा स्पर्श गरेर गयो। सबैले ताली बजाए। सिट्टी बजाए। रमाए।

अन्त्यमा कवि अमृतांशु अधिकारीले आफ्नो प्रथम स्थान प्राप्त गर्न सफल "शून्यको गर्भमा ब्रह्माण्डको गर्जन" कविता सुनाए। सबै अतिथि, श्रोता, दर्शक विस्मित भए। कविता रचनाको संसार बदलिएको महसुस गरे। पुरस्कार वितरणपश्चात् प्रमुख अतिथि, विशिष्ट अतिथिले कार्यक्रमको महत्त्व र त्यहाँ श्रवण गरिएका कविताहरूको प्रशंसा गरेर मन्तव्य राखे। नेपाल प्राज्ञिक मञ्चको सक्रियता र लगानीको मुक्तकण्ठले प्रशंसा गरे। अन्त्यमा सभापतिको आसनबाट बोल्दै मञ्चका अध्यक्ष युधिष्ठिर आत्रेयले सभा विसर्जन गर्दै भने "आज मलाई हृदयको अन्तस्थलबाट महसुस भयो कि आजबाट नेपाली कविताले नयाँ सम्भावनाको कलात्मक ढोका खोलेको छ।"

त्यो वाक्य त्यस दिन सामान्य सुनियो। तर केही महिनापछि त्यही वाक्य एउटा गम्भीर व्यङ्ग्यजस्तो बन्न पुगेको थियो।

रमेश असन्तोषी अर्थात् साहित्यिक खोज पत्रकार। रमेश असन्तोषीको हृदय कहिल्यै सन्तुष्ट हुँदैनथ्यो। उनीभित्र एउटा अनौठो हठ, जिज्ञासा र आवेग भरिएको हुन्थ्यो। उनी जुनसुकै कार्यक्रम, सभा, गोष्ठी र छलफलमा उपस्थित भई कैयन् कमजोरी फेला पारेर पत्रिकामा छताछुल्ल पार्न सक्थे। फेसबुकमा आक्रामक ढङ्गले समसामयिक साहित्यिक सांस्कृतिक विषयमा कटु आलोचना गर्थे। कुन कुन साहित्यकारहरू कहाँ कहाँ भेला( जम्मा भएर कसको बारेमा के के बोल्छन्, के के पिउँछन्, कुन कविको कोसँग उठबस छ, कसको गुप्त प्रेमिका को हो ? को कुन पुरस्कार हात पार्न दाउपेच मिलाउँदैछ, कुन प्रकाशक कसरी हनी ट्र्यापमा पऱ्यो, पुरस्कार एजेन्टले कसरी दाम खायो... जस्ता अनेक भित्री कुराहरू रमेश असन्तोषीलाई थाहा हुन्थ्यो। जोकोही कवि साहित्यकारको खत(बातबारे उनलाई जानकारी

▶▶ बाँकी ३ पेजमा

## विश्व

# हर्मुज जलमार्ग खोल्न इरानको सर्त

**तेहरान, ६ भदौ।**

इरानले अमेरिका-इरान युद्ध अन्त्य र अमेरिकी नाकाबन्दी हटेपछि मात्र हर्मुज जलमार्ग पूर्ण रूपमा खोल्ने सर्त राखेको छ। इरान र ओमानले हर्मुजमा जहाज सञ्चालन तथा समुद्री बारुदी सुरुङ हटाउने विषयमा छलफल अघि बढाएका बेला इरानले त्यस्तो सर्त अघि सारेको हो।

तेहरानमा भएको वार्तामा इरानका विदेशमन्त्री अब्बास अराघची र ओमानका विदेशमन्त्री बद्र अलबुसाइदीले अस्थायी नौवहन मार्ग स्थापना तथा माइन हटाउने संयुक्त परियोजनासहित 'चरणबद्ध ढाँचा' बारे छलफल गरेका छन्। अलबुसाइदीले अस्थायी मार्गबारे छिट्टै घोषणा हुन सक्ने बताउँदै स्थायी नौवहन, सूचना आदानप्रदान, यातायात व्यवस्थापन र सुरक्षासम्बन्धी विषयमा प्राविधिक वार्ता जारी रहने जानकारी दिए। तर इरानका उपविदेशमन्त्री काजेम घरिबाबादीले हर्मुजबाट कुनै पनि सैन्य जहाजलाई आवागमन गर्न नदिने चेतावनी दिएका छन्। उनले अमेरिका युद्ध अन्त्य गरी नाकाबन्दी हटाएपछि मात्र हर्मुज पुनः खोल्ने विषयमा अघि बढ्न सकिने बताए। सामान्य अवस्थामा हर्मुजबाट विश्वको करिब पाँचौं भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास निर्यात हुने गर्छ। लामो समयदेखि जारी क्षेत्रीय युद्धका कारण समुद्री यातायात प्रभावित हुँदा विश्व ऊर्जा बजारमा समेत असर परेको छ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकी नौसेनाले हर्मुजमा रहेका सबै बारुदी सुरुङ हटाएको दाबी गरे पनि घरिबाबादीले त्यसलाई अस्वीकार गर्दै अमेरिकाले त्यस्तो प्रयास गरे कारबाही गर्ने चेतावनी दिएका छन्।

यसैबीच, अमेरिकाले इरानमाथि थप

▶▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: मिहिनेतले राम्रो परिणाम दिलाउनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। आँटले ठूलो काम सम्पादन हुनेछ।

**वृष**: सफलताले हिम्मत दिलाउनेछ। प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ। दिगो फाइदा हुने काम प्रारम्भ होला। न सकिनेछ।

**मिथुन**: सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ।

**कर्कट**: पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ। हल्लाको पछि लाग्दा दुःख पाइनेछ। तर समस्या दर्साउँदा शुभचिन्तकले साथ दिनेछन्।

**सिंह**: राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। विभिन्न सहयोग र उपहार पाइनेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिने सम्भावना

**कन्या**: प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजय सम्भावना छ। रोकिएका काम बन्नाले उत्साह जाग्नेछ।

**तुला**: आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**वृश्चिक**: आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन्। कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**धनु**: विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

**मकर**: अध्ययनमा प्रगति हुनेछ। ज्ञानलाई निखार्ने समय छ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै कुनै काममा सम्झौता गर्ने समय छ।

**कुम्भ**: परिवेश रमाइलो रहे पनि कामले व्यस्त बनाउनेछ। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**मीन**: खर्चको जोहो गर्न अलि दौडधुप गर्नुपर्ला। अवसरको खोजीमा आफन्त र परिवारबाट टाढिनुपर्ने हुन सक्छ। छर-छिमेकमा असमझदारी बढ्नेछ।

कविता

# नयाँ घर



✍ हरि प्रसाद अधिकारी

म घर हुँ
दलिन हुँ
छत हुँ
देखिने, नदेखिने
मनन गरिने, नगरिने
हजारौँ जिम्मेवारीहरूको ।

मलाई बलिया सङ्घर्षका
हुरीहरूले ढलाएको इतिहास
छैन ।
मलाई मुसलधारे वर्षाले
भिजाउँदैमा
कमजोर बनाएको कुनै शृ्र ला
छैन ।

तर
म धेरैपछि
भित्रभित्रै
कमजोर, निरीह अनि
भिजिएको छु ।

जुन दिनदेखि
मेरो छत्रछायाका
झ्याल-ढोकाहरू
खुलेका छैनन्
मझेरीमा खाट-चकटी
एक्लै कसैको प्रतीक्षामा मौन
छन् ।

क्वलष्ब नक्ष्ऋ
क्ष्लकगचबलअभ
भान्सा सुनसान सुतेको छ
नबलेको चुलो सम्हालेर

खै, कस्तो घरको सपनाले
सताएर हो ?

घरको मुहार फेर्न
घरको ढोकामा ताल्चा लगाएर
टाढिएकाहरू
कतै टाढा
उतै नयाँ घरमा
अल्झिएर हो कि ?

कविता

# पल्लो घरकी बुढी आमै



✍ शोभाकर बुढाथोकी

कुप्रो परेकी, लखतरान भएकी
बुढी आमै
ख्वाक्क-ख्वाक्क खोक्दै
भालेको डाँकोसँगै
उठ्छिन्, नित्यक्रिया गर्छिन्
रातो माटोले ढोका पोत्छिन्
ढिकीजाँतो र पानीपँधेरो गर्छिन्
लालाबालालाई खोले-घाँस
खुवाउँछिन्

तर, थपी-थपी खुवाउँछिन्
यसैमा उनी स्वर्गको आनन्द
भेट्छिन्
आखिर दुई दिने जिन्दगीमा
सन्तुष्टि लिन जान्नु
उनको जीवनकलाभित्र पर्दो
रहेछ ।

क्वलष्ब नक्ष्ऋ क्ष्लकगचबलअभ
चुलोआँगन लपेट्छिन्
गाईवस्तु चरनतिर लिन्छिन्
खेतबारी गोडमेल गर्छिन्
घाँसदाउरा थुपार्छिन्
घरगोठ सह्यार्छिन्
अगेनो सल्काउँछिन्
मकै भटमास भुट्छिन्
मोही र नुनखुर्सानीसँग



मलमूत्र सोहोर्छिन्
मन प्रफुल्ल भएको बहाना
गर्छिन्
अर्थात्, सुन्दर दिनको सुरुवात
गर्छिन् ।

ठस्स कन्दै, पसिना पुछ्दै
दाउरा जोड्छिन्
आटो र सिन्कीको जोहो गर्छिन्
चच्चाबच्चा र धनुष्टङ्कारुपी
बड्डालाई
मायालु वचनमा
दुई गाँस पस्किन्छिन्
बरु आफू भोकै बस्छिन्

अमृत भोजन ज्युनार गर्छिन्
बड्डासँग माया-प्रेम साट्छिन्
र, भोलिपल्टको दिनचर्या तयारी
गर्छिन् ।

हो, यस्तै छ बुढी आमैको
दैनिकी
ढोका ढप्क्याउने
तुलसीको मठमा दियो जलाउने
र, टेको दिने कोही छैन
अस्पताल लिने सारथी छैन
सुख-दुःख बाँड्ने कोही छैन
छन् त केवल,

कान नसुन्ने
आँखा नदेख्ने
लट्ठी टेक्ने
एकअर्काका मायालु बन्धन
सहाराका आधार बड्डा-बड्डी ।
कसले सुन्ने उनीहरूको गनथन
झिँझो लाग्ने कथाव्यथा
कालापहाड गाको छोराको
खबरखबर छैन
बुहारी अर्कैसँग कुलेलाम ठोकी
छोरी सुत्केरी व्यथाले परलोक
भई
भाको एउटा नाति दुर्व्यसनीमा
फस्यो
घर सखाप भयो
छिमेकी रिसायो
गाउँ बिरानो भयो
बाँकी रहे केवल बड्डा-बड्डी
हातमा हात मिलाउन र साथ
दिन ।

कहिलेसम्म चल्छ यो पीडादायी
जिन्दगी
दिन काट्नु छ
काल पर्खनु छ
विगत बिर्सनु छ
सुखद आगतको प्रतीक्षामा
माया बिसाउनु छ
साइनो सार्नु छ
दुई दिने जोवन बिसाउनु छ ।

:बअजजबउगअजचभ द्यबलप
हो, यही हो बुढी आमैको सुन्दर
कथा
बड्डा-बड्डीको सुखद जिन्दगी
कसैको रिसले नमर्ने
सरापले दुःख नपाउने
कोलाहलभन्दा बाहिर
आफ्नै संसार, आफ्नै दिनचर्या
खुसीसाथ, आनन्दसाथ
निरन्तर चलिरहेछ
ब्रेक नभएको धक्काप्लेट
गाडीसरी
मक्की-मक्की गुडिरहेछ ।

## सिम्ताको सैरेलो परम्परा :

# सैरेली गीतको सम्झनामा



✍ पृथ्वी बहादुर सिंह



सिम्ता सिं तामा राज्यका पाँचौं राजा भान सिंहका पालादेखि हिन्दुहरुको वडा तिहारमा सुर्खेतको सिम्ता र सल्यान बनगाढ क्षेत्रका गाउँ वस्ती क्षेत्री, दलित, जनजाती कि अविवाहित युवतीलाई हरेक बर्षायामपछी लाग्ने मेलामा सैरेलो गीत गाउन ल्याउने युवाहरुले रुमाल खिर दिएर निम्ता गर्ने गदर्थे । पहिले राजकाँडामाथी राज दरवार सैरेलो पर्छिने त्यसपछी राजकाँडा वरिपरी रहेका प्रोहित राज्य सञ्चालक काजी पोर्खेल सुरक्षाकर्मीका वस्तीका घरघर सैरेलो गाउँदा दान, दक्षिणसमेत दिने चलन रहेको थियो । तिहारपछी सिम्ता सल्यानी राज्य क्षेत्रमा लाग्ने मेला सानीपिब्ली, देवस्थल, खैरावाङ, कालीमाटी देउली लापु, वडालेख, घाटवादेपिपल, ठाँटी र जुम्लेअम्रैको मेलामा पनि सैरेलो गाउन आउँथिन । त्यस समय युवा माया प्रेममा पनि रात बिताउने चलन थियो । त्यस्तै भौसी भुवा रात उठाउने रत्यौली नाँच्ने रात विवाह दुलाह घरमा सैरेलो गाउने चलन थियो ।

गोर्खाबाट सिं तामा राज्यहरणपछी दरवारिया सबैको हत्या लापु मण्डपमा रहेका देवदेवी मन्दिर देखी दरवारीयाका भवनहरु ध्वस्त लडाईमा गोर्खाले गरेपछी बाँचेका सिंह ठकुरी, पोखेल, खड्का सबै कृषि कर्ममा लाग्न पुगे । त्यही सैरेलो ल्याउनक्रमलाई उहि मेलामा रुमालमा कसार (मह) मा चामल मिठो मुछेर घिउ लगाएर (कसार) सैरेलो गाउन उनै सिम्ता बनगाढ क्षेत्रका गाउँ वस्तीका युवतीहरुलाई वडा तिहार आउने निम्ता दिएर ल्याउन ति गाउँ सिम्ताका युवाहरु पुग्दथे । सैरेली गाउने अविवाहित युवती ल्याएर तिहार घटस्थापनदेखी टिका दिनसम्म पिल्क, नाडा, राकम लापु काफ्लकोट काँडासिम्ता गाउँका सिहं ठकुरी अन्य ठकुरी, क्षेत्री घरमा शैरेलो गाउने टिका दक्षिणा पाउने युवतीका सुरक्षामा युवाहरु खटिएका हुन्थे । टिकाको दिन युवाहरु शैरेलिका गाउँ पुऱ्याएर आफनै घर टिका लगाउन आइपुग्थे पछिल्लो समयमा शैरेलो गित र विधि संकलक लेखक हालको बनगाढ कुपुण्डे वडा नं. १, २ धारापोखा नाम्रा चिउरा घाटगाउँ मगर क्षेत्री, दलित युवती सैरेलो ल्याउन पठाई मेलाहरु निम्ता रुमाल कसार युवतीलाई दिएको प्रत्येक्ष अनुभब भएकोले त्यो शैरेलो गीत कुन कुन पर्व, मेला, खेतीपाती लगाउँदा गाउथे भनि लेखमा संकलन गरी उल्लेख गर्नु पुगेको छु ।

शैरेलो गीत गाउँका घर घर रोपाई, पर्व आउने निम्न अनुसार छन् ।

१) सईईई .......... हजारीको फुलैफुल्यो सईईई एकवार..........।
२) सईईई ..........लाल केतुको फुलैफुल्यो सईईई एकवार ।
३) सईईई ..........मकादुलको फुलैफुल्यो सईईई एकवार ।
४) सईईई ..........जल्पादेवी कालिका देवी सईईई नमस्कार ।
५) सईईई ..........मान्यागुन्या रख्या गन्या देवीऔं सईईई नमस्कार ।
६) सईईई ..........खेतवारी अन्न देवकी वज्यै सल्याऔं सईईई नमस्कार ।
७) सईईई ..........वडातिहारको भैली देवदेवीयौं सईईई नमस्कार ।
८) सईईई ..........कोठी उठाउँदै दैदेवीलेतो रक्षा गरे सईईई नमस्कार ।

यसरी सुर्खेत सिम्ता गा.पा.४ पिल्क २०१९ सालमा सल्यान बनगाढ कुपण्डे गा.पा.-१ धारापोखरा गाउँको मगर्नी नाम्रा गाउँकी क्षेत्रीनी सुद्रेनी युवाले युवतीहरु सरेली ल्याएर वडा तिहारको चतुरदसी विहान सिं नायकका घरबाट कोठी उठाउने शैरेली गाउने गदर्थे । त्यहि समयमा पर्ने मेलाहरुमा र घरघर गाउँमा सैरेलो गाएको थिए । त्यस्तै सिम्ताका गाउँहरुका खेतको रोपाई गर्दा र घर आउदा आफनै गाउँका प्राय सबै जातकी महिलाहरुले सामुहिक देउताका चरण शैरेलो गाएको पनि सुनेको थिए । यो सैरेलो संगीत गीत आजकल प्रायः हराएर गएको छ । मेरो सम्झना यो लेख तयार गरे । कहिले पुरानो संस्कृती हराउछ की, फिर्ता भएर पनि आउन सक्छ भनि यो सैरेलो गीतको सम्झना प्रकाशन गर्न पुगेको छु । पाठक वर्गमा मेरो निवेदन

१) सईईई .......... देवीदेवता औ सईईई रक्षा गरनु मान्यगुन्य तिमीले ।

*संकलक सम्झनामा २०८३ साल बैशाख १ गते सिम्ता गा.पा.-४, पिल्क बर्ष ७४ पृथ्वी बहादुर सिंह सुर्खेत, कर्णाली प्रदेश*

सिम्ताली हिउपा नाँच (हिउ मान्छे)
यो मेरी हिउपाले सबैलाई नमस्कार गरले । (२)
यो मेरी हिउपा ढल्की ढल्की नाँचले । (२)
यो मेरी हिउपा वादेपिपल मेलामा ढल्की नाचले । (२)
यो मेरी हिपाले भेरीबाट सिँचाई वनाउ भनले (२)
कषि पशुपालनले सम्पन्न सिम्ता हौं भनले । (२)
परदेशको श्रम यात्रा अन्त्य गरी यही लगाउँ भनले (२)
शुशासन नैतिकता नेतामा वसालहै भनले (२)
यो मेरी हिउपाले ढल्की ढल्की नाँचले (२)
भेरी किनारमा पुलमात्र होइन अब शहर बसाऊ भनले (२)
भारत चिन जोडने करिडोर छिटो बनाऊ भनले (२)
तब मेरी हिउपा कर्णालीमा ढल्की ढल्की नाँचले (२)
यो मेरी हिउपा ढल्की ढल्की नाँचले (२)
यो मेरी हिउँपाले सबैलाई नमस्कार गरले (२)

### हिउपा परम्परा

कर्णाली प्रदेशको सिम्तादरा सिम्ता गाउँपालिका युगौं पुरनो सिं तामा राज्य बस्ती हो । यस सिम्ता दरामा विवाह दुलाह घरमा विवाहको राती रत्यौली खेल्न महिलाह उपस्थित हुन्छिन । यो रत्यौलीमा विवाहको खुशीमा खसी काटी भातको भोज गर्दा विवाहपछी दुलाह दुलही रोमान्चित जीवन जिउन भनि आर्शिवादको रुपमा रत्यौली गाउँने नाँच्ने महिलाहरु युवतीहरु गर्छिन । त्यही नै युवतीले डोको टाउको भित्र छिराएर डोको भित्रबाट काठमा हात बनाई भित्रबाट समाती रत्यौली गीत महिला समूहले गाउँदा ढल्की ढल्की ठुलो पेट भएको नाच्ने युगौंदेखीको परम्परा रहँदै आएको छ । जुन गीत सिम्ताली हिउपा माथी छ ।

## विदेश...

हुन्थ्यो । तर त्यसको स्रोत उनी कहिल्यै खोल्दैनथे । साथै आरोपित साहित्यकारहरूले पनि कुनै सफाइ पेश गर्दैनथे ।

युवावस्थामा पटक पटक कविता प्रतियोगितामा भाग लिएर पनि कहिल्यै उच्च तीनमा पर्न नसकेको कुण्ठाको भावनात्मक आक्रोसले उनलाई विद्रोही बनाइदिएको हो भन्ने बजार हल्ला थियो ।

त्यो भव्य कार्यक्रममा रमेश असन्तोषी पनि पुगेका थिए । पुरस्कार वितरणपछि रमेशले साहित्यिक कार्यक्रम सञ्चालकसँग ती तीन कविता मागेर मोबाइलबाट फोटो खिचेर लगे ।

उनले ती कविताहरूलाई पटक पटक पढे । उनी ती कवितामा दोष खोजिरहेका थिए । तर पनि उनी दोष निकाल्न सकिरहेका थिएनन् । कविता वास्तवमै सुन्दर र सन्तुलित थिए । अर्को दिन उनको मनमा आयो : यसरी पूर्ण कविता कसरी रचना हुनसक्छ ? उनी भोलिपल्ट नेपाल प्रज्ञा मञ्चको कार्यालय पुगेर बाँकी दश कविता पनि लिएर आए । अर्को हप्ता गएर बाँकी कविता पनि फोटो कपी गरेर ल्याएर अध्ययन गर्न थाले । उनले पुरस्कार पाएका नपाएका सबै कविता पढे । पटक पटक पढे । पहिलो दशमा नपरेका केही कविता त त उनलाई प्रथम कविताभन्दा राम्रा लागे ।

"यी कवितामा कहीँ न कहीँ समस्या छ ।" कोशी प्रदेशबाट काठमाण्डौं आएको एक कवि साथीसँग बसेर मदिरा पिउँदै गर्दा रमेश असन्तोषीको मनमा यो कुरा एकाएक उत्पन्न भयो ।

"कुनै कवितामा समस्या छ भने त्यसको समाधान गर्ने काम पत्रकारको त होइन । तर पनि नखोजी केही भेटिन्न ।" उसको कवि साथीले उसलाई उक्साउँदै भन्यो । "खोज् रमेश खोज् । यो विषयमा केही नौलो कुरा फेला परेछ भने त्यो तेरो लागि गजबको मसला हुन्छ । मार्केट लिन्छ ।"

सामाजिक सञ्जालमा उक्त कविता प्रतियोगिताको रापताप सेलाउँदै गर्दा रमेश असन्तोषी सेलाएका थिएनन् । उनले सबै कविताको भाषालाई पुनः पुनः नियालेर हेरे । बाहिरबाट सरसर्ती हेर्दा सबै कुरा ठीक थियो । त्यसैले उनको जिज्ञासा अझ बढ्यो । "यदि भाषा, शब्द, भाव, शैली, विचारसहित सम्पूर्ण निर्णय प्रक्रियासमेत ठीक छ भने यी कवितामा मलाई किन चित्त बुझिरहेको छैन ? किन कहीँ न कहीँ अस्वाभाविकता महसुस हुन्छ ?"

रमेशले फेसबुकमार्फत् प्रथम स्थान हासिल गर्ने कवि अमृतांशु अधिकार ीसम्म आफ्नो पहुँच बनाए । दोस्ती कायम गरे । उनले अमृतांशुलाई भौतिकरूपले नै पटक पटक भेट गरे । उनले अरु कविहरूसँग पनि आफ्नो पहुँच बनाए । उनी कविहरूको भावनात्मक कमजोरीको फाइदा उठाउँदै केही नयाँ कुरा पत्ता लगाउन जोडबल गरिरहेका थिए ।

रमेशसँग एउटा पुरानो पत्रकारमा हुने सहज धैर्य थियो । उनी लामो समयसम्म पर्खिएर सत्य उजागर गर्न चाहन्थे । फलतः आफ्नो हठमा निरन्तर लागिरहे ।

प्रथम हुने कवि अमृतांशुले मात्र होइन, दोस्रो हुने कवि अंशुमाला रागिनी र तृतीय हुने कवि मनोज ताम्लांगसमेतले कृत्रिम बुद्धिमत्ता अर्थात् एआईको प्रयोग गरी कविता रचना गरेको कुरा कविहरूकै मुखबाट व्यक्त गरेको प्रमाण सङ्कलन गरेका थिए रमेशले । तर रमेशलाई सबैभन्दा ठूलो झट्का त्यसपछि लाग्यो ।

उनले बाँकी सात कविलाई पनि खोजे । दसमध्ये दशै जनाले कुनै न कुनै रूपमा एआईको प्रयोग गरेका थिए ।

कसैले विचार दिएको थियो । कसैले प्रारम्भिक मस्यौदा । कसैले पुनर्लेखन । कसैले पूरा कविता नै एआईलाई रचना गर्न लगाएका थिए । असी वटा कवितामध्ये एउटा कविता फरक थियो । जो दशवटा कवितामा समेटिएको थिएन ।

"पहाडमा निदाएको खोला ।"

कवयित्री थिइन् नीलम क्षेत्री । उनको उक्त कविता सरल तर अर्थपूर्ण थियो । त्यसमा प्रयुक्त भाषा अत्यन्त स्वाभाविक थियो । त्यसबाहेक सबै कविताहरू एआईबाट रचना गरिएका थिए । यी सबै घटना र प्रश्नहरू समेटिएको लामो अनुसन्धानात्मक आलेख सप्रमाण 'साहित्यानुसन्धान' पत्रिकामा प्रकाशित भयो । त्यसै बेलादेखि साहित्यिक क्षेत्रमा नयाँ भूकम्प गयो ।

"उक्त प्रतियोगितामा तीन विजेता कविले कविता रचना गर्न एआई प्रयोग गरे । मूल्याङ्कन गर्दा निर्णायकले एआई निर्मित कवितालाई मानवकृत कविताभन्दा उत्कृष्ट ठहऱ्याउँछ भने हामी 'कवि', 'कविता' र 'सिर्जना'लाई अब कसरी परिभाषित गर्ने ? मेसिनले कविता लेख्छ भने पुरस्कार कसलाई प्रदान गर्ने ? मेसिनलाई कि मान्छेलाई ?"

अनेक सवाल उठाएर रमेश असन्तोषीले नयाँ बहस छेडिदिएका थिए ।

सामाजिक सञ्जालमा तातो बहस सुरु भयो ।

कसैले भन्यो, "एआई प्रयोग गर्नु चोरी होइन ।"

अर्कोले लेख्यो , "तर एआईले लेखेको कविता आफ्नै नाममा प्रकाशित गर्नु साहित्यिक बेइमानी हो ।"

तेस्रोले भन्यो , "यदि पाठकलाई कविता राम्रो लाग्यो भने लेखक को हो भन्ने किन आवश्यक छ ?"

चौथोले बोल्यो , "चित्रकारले पनि चित्र नबनाउनू, खेत जोत्न जानू । सङ्गीतकारले पनि धुन नबनाउनू, रुख रोप्न जानू । गायकले गीत नगाउनू, तरकारीबारी गोडेर बस्नू ? अब रचनाकारको के काम ?"

अर्कोले भन्यो, "ए आई आएपछि कविहरू पनि सम्पादक भएछन् । जमाना बदलियो....तर मान्छेको मन....बदलिएन । "

ठीक यही दिनबाट साहित्य कला सिर्जनामा कृत्रिम बुद्धिमत्ताको प्रयोगसम्बन्धी विवादहरू चर्को आवाजसहित उठिरहे । पक्ष र विपक्षमा प्रश्नहरू उठिरहे ।

तर ती प्रश्नहरूको ठीक उत्तर भने कसैलाई पनि थाहा थिएन । मानौँ उत्तर खोज्ने यात्रा भर्खर सुरु भएको होस् ।

## लास...

लाइन नै चुँडाएको छ । भोटेकोसीको बाढीले कति मान्छे बगायो ? कति धनजनको क्षति भयो ? यसको कुनै लेखाजोखा छैन । बाढीपछिको पुनर्निर्माणमा कति लागत र समय लाग्छ भन्ने जस्ता प्रश्नहरु अनुत्तरित बनेका छन् ।

नुवाकोट र रसुवाका बाढीपीडित घाइतेको उद्धार र मृतहरूको शव संकलनका लागि हेलिकोप्टरले आधार इलाका विदुरस्थित नेपाली सेनाको तालिम केन्द्र मैथली क्याम्पलाई बनाएको छ । उद्धार गरी ल्याइएकाहरूमा आफ्नो मान्छे भेटिन्छ कि भनेर आफन्तहरूको भिड लागिरहेको छ । नेपाली सेना र निजी हेली सेवाले धमाधम घाइतेहरूको उद्धार गरिरहेको छ ।

लासमा आस खोज्दै आइपुगेका आफन्तहरूको भिडलाई व्यवस्थापन गर्न सेनालाई हम्मेहम्मे परिरहेको छ । अहिले आफन्तहरु सम्पर्कविहीन भएका व्यक्तिको फोटो बोकेर लास संकलन गरिएका विभिन्न क्षेत्रमा भौतारिरहेका छन् । माथि भोटदेखि बगाएर ल्याएको, हराइरहेका रसुवा र नुवाकोटका व्यक्तिहरूको खोजी तीव्र भइरहेको छ । भेटिएका प्रत्येक शव आफ्नो मान्छेको हो कि भनेर आफन्तहरूले प्रत्येक भेटिएका शव हेरिरहेका छन् ।

नुवाकोटको देवीघाटमा हजारौँको संख्यामा शव दबिएको आशंकामा खोजी तीव्र पारिएको छ । माथिबाट बगाएर ल्याएको शव तादी र त्रिशूलीको संगम घुमाउनेमा अलपत्र रहेको स्थानीयहरूले बताइरहेका छन् । घर, स्कुलसँगै देवीघाटस्थित वृद्धाश्रममा रहेका सयौँ आश्रितहरू वृद्धाश्रमभित्र परेका छन् । तर, तत्काल निकाल्न सम्भव भएको छैन ।

स्थानीय पालिकाले एक्स्याभेटर लगाएर बाटो र वृद्धाश्रम खोल्ने प्रयत्न गरिरहेको छ । तर, त्रिशूली पारि बेत्रावती, सोले, कर्मेटार, अक्करे, सिमुटार, त्रिशूलीबजारसँगै नदीको तटीय तल्लो बेल्ट बान्द्रेढुंगा, शिरखाली क्षेत्रको अवस्था के छ, अन्योलको स्थिति छ । बाढीले के-कति क्षति पुऱ्यायो, कति बगे, कति बाँचेका छन्, जानकारी पाउने स्थिति छैन । बाँचेकाहरूको उपचार र राहतमा समेत पुलको कनेक्टिभिटी टुट्दा निकै समस्या भइरहेको छ ।

## हर्मुज...

प्रतिबन्ध घोषणा गरेको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले इरानलाई आर्थिक रूपमा अलग पार्ने अभियान जारी रहने बताए । नयाँ प्रतिबन्धले डिजिटल सम्पत्ति, प्रविधि, सुन, उड्डयन तथा ढुवानी क्षेत्रलाई लक्षित गरेको छ । इरानले पनि अमेरिकी आर्थिक हितलाई लक्षित गरी जवाफ दिने चेतावनी दिएको छ ।

हर्मुजको सम्भावित दीर्घकालीन अवरोधले विश्व व्यापार र ऊर्जा आपूर्तिमा थप असर पार्ने चिन्ता बढिरहेका बेला अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य भने बुधबार केही घटेको छ ।

## कर्णालीका...

दैलेका चार पुरुष र एक महिला गरी पाँच, जाजरकोटका दुई पुरुष र एक महिला गरी तीन जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ ।

रुकुम पश्चिमबाट पाँच पुरुष, चार महिला र एक बालिका गरी १०, हुम्लाका चार पुरुष, दुई महिला र एक बालिका गरी सात, डोल्पाका एक पुरुष र एक महिला गरी दुई, मुगुका आठ पुरुष, चार महिला र एक बालक गरी १३ र कालीकोटका तीन पुरुष, दुई महिला, एक बालक गरी ६ जनाको अवस्था अज्ञात रहेको प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता सन्तोषसिंह राठौरले जानकारी दिए ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# सुदूरपश्चिम प्रदेश सरकारद्वारा आकस्मिक सहायता कक्ष सञ्चालन

**युग संवाददाता**
**कैलाली, १२ भदौ ।**

सुदूरपश्चिम प्रदेश सरकारले भोटेकोसी बाढीबाट प्रभावित यहाँका नागरिकको उद्धार, राहत तथा सूचना सम्प्रेषणका लागि चौबिसै घण्टा सम्पर्क गर्न सकिने गरी आकस्मिक सहायता कक्ष सञ्चालनमा ल्याएको छ।




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अपिल जारी गरी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तगर्त चौबिसै घण्टा सम्पर्क गर्न सकिने गरी आकस्मिक सहायता कक्ष सञ्चालनमा ल्याएको जनाएको हो।

प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र (पिइओसी) को टेलिफोन नं ०९१–५२१३२४, मोबाइल नं ९७६२४७९३२८ र मुख्यमन्त्री कार्यालयका सूचना अधिकारीको मोबाइल नं ९७६१२०६७१९ मा सम्पर्क गर्न आह्वान गरिएको छ। यसैगरी नेपाल प्रहरीको १००, राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र/जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रको १२३४, सशस्त्र प्रहरी बल, नेपालको ११९४, हेलो सरकारको ११११ र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन केन्द्रको ९८५१३२०२६९/९८४९२८१० ९७ मा समेत सम्पर्क गर्न आग्रह गरिएको छ।

प्रदेश सरकारले बाढी प्रभावित क्षेत्रमा घाइते तथा बिरामीको उपचारका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीसहित स्वास्थ्यकर्मीको टोली पठाउने व्यवस्था मिलाएको जनाएको छ। प्रभावित क्षेत्रमा सम्भावित महामारी, संक्रमण तथा स्वास्थ्य जटिलतालाई ध्यानमा राख्दै स्वास्थ्य टोली परिचालनका लागि सम्बन्धित निकायसँग समन्वय गरिने अपिलमा उल्लेख छ।

त्यसैगरी, मनसुन र वर्षाका कारण सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानमा समेत विपद्को जोखिम बढ्न सक्ने भन्दै प्रदेश सरकारले सबै जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी निकायलाई पूर्वतयारीसहित उच्च सतर्कतामा रहन आग्रह गरेको छ।यसअघि, आज बिहान बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले बाढीबाट प्रभावित नागरिकलाई तत्काल आर्थिक सहयोग उपलब्ध गराउन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट रु २ करोड उपलब्ध गराउने व्यवस्था गरिएको छ। विपद्बाट पीडितको सहयोगका लागि प्रदेश सरकारका मन्त्रीहरूबाट एक/एक महिनाको तलब उपलब्ध गराउनेसमेत जनाइएको छ।

**बाढी प्रभावितका लागि कैलालीमा सहयोग जुट्दै**

कैलालीको धनगढीस्थित निसर्ग हस्पिटलले भोटेकोशी बाढी प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनाका लागि रु ११ लाख ११ हजार १११ सहयोग गरेको छ। अस्पतालमा कार्यरत कर्मचारी, स्टाफ नर्स, चिकित्सक तथा शेयर सदस्यको कम्तीमा एक दिन बराबरको तलब/सुविधाबाट सङ्कलित रकम नेपाल सरकारको 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'को खातामा जम्मा गरिएको अध्यक्ष तीर्थराज पन्तले जानकारी दिए।

## घुयँत्रो



ऐले कर्मचारी प्रशासनमा भागाभाग मच्चिएकोछ। हिजोदेखिनै ठगेर खाने बानि परेका कर्मचारी ऐले बालेन सरकार आएछि अफिस टाईममा खटेर काम गर्नु पर्ने र काममा छलछाम गर्ने बित्तिकै कि घरतिर कि दुर्गमतिर जानु पर्ने भएछि विशेषगरि उपत्यका भित्रका कर्मचारीको भागदौड मच्चिएको हो। हिजोका दिनमा काँग्रेस हुन वा कमिनिष्ट कार्यकर्ताका लागि भागबण्डाको राजनीति गर्न २८ बटासम्म मन्त्रालय बनाएर खाएका नेता र तिनले नियुक्त गरेका कर्मचारीको भीड त्यसैपनि सरकारी सेवामालकायमैछ। यसले गर्दानि अनाबस्यक कर्मचारीहरु थुप्रिएकाछन। वर्तमान सरकार भने अनाबस्यक कर्मचारी नराख्ने र थोरै कर्मचारी कायम राखि फजुल खर्च नियन्त्रण गर्ने पक्षमा देखिन्छ।त्यसैले अब ऐले आएर सरकारले १७ वटा मात्र मन्त्रालय बनाएछि १०/११ वटा मन्त्रालय र त्यसका तहगत कार्यालय खारेज भएछि कर्मचारी त्यसैपनि घटने देखिन्छ भने यै मौका पारेर सरकारले राजिनामा गरेर जानका लागि कर्मचारीलाई आदेश गरेछि ऐलेसम्म २ हजार ६ सय कर्मचारी राजिनामा दिएर गै सकेकाछन भने देशमा रहने जम्मा १७ मन्त्रालयका तहगत संरचनामा कति कर्मचारी राख्ने भन्ने कुरा सरकारले ओएनएम गरि त्यसलाई लागू गर्नेभनेपछि धेरै मात्रामा कर्मचारी छटनि हुने निश्चित छ। यसैवीच अब सरकारले कर्मचारी निस्काशन गर्नका लागि ५५ बर्ष सेवा हद र ३० बर्षको कार्य अबधि पुगेका कर्मचारीलाई निस्काशन गर्ने निति ल्याउँदैछ यश नितिले कर्मचारीमा त्यसै पनि हलचल पैदा भएकैछ। यो सरकार खासगरि स्थायी कर्मचारी संयन्त्र भन्दा पनि मन्त्री र प्रधानमन्त्रीले राख्ने तल्लोस्तरको कर्मचारी देखि लिएर सल्लाहकार र नेपाल सरकारको सचिव सरह आबस्यकता अनुसार मन्त्री / प्रधानमन्त्रीले नियुक्त गर्ने कर्मचारीबाटै देशको प्रशासन चलाउने अभियानमाछ। ब्यापकरुपमा गरिने कर्मचारी प्रशासनको फेर बदलमा यो पटकदेखि कर्मचारीको संख्या न्यून भएछि आगामी बर्षदेखि प्रशासनिक खर्च घटने देखिन्छ ता पनि यो पटक कर्मचारीलाई घर पठाउँदा राज्यले अत्यन्त ठूलो आर्थिक भार व्यहोर्नु पर्ने देखिन्छ। सरकारले त्यो आर्थिक भार कसरी व्यहोर्छ र कर्मचारी घर पठाउँछ यो सरकारका लागि निकै ठूलो चुनौति छ। अर्थमन्त्रीले ल्याएको बजेटमा नत आफ्ना दलका सांसदहरु सन्तुष्टछन न प्रधानमन्त्री। प्रधानमन्त्री र अर्थमन्त्रीको टकराव रहेका बेला राज्यले ठूलै आर्थिक भार ब्यहोर्नु परणने अकस्था आउँदा ऐलेको अर्थमन्त्रीबाट सरकारलाई सहयोग होला त्यस्तो लाग्दैन। किनभने प्रधानमन्त्रीले नै कर लगाउन नहुने कुरामा अर्थमन्त्रीले कर लगाई दिएछि प्रधानमन्त्रीले आफैले घोषणा गरेर कर खारेज गर्नु परेको अबस्था पनि त यी प्रधानमन्त्री र अर्थमन्त्रीले जनतालाई अनुभूति गराएकैछन। त्यसैले सरकारले घटाउन खोजेको कर्मचारीको संख्या देशका लागि अत्यन्त सकारात्मक हो त्यसैले यै वर्षमा बजेट जुटाउन सक्ने अबस्था सरकारसित नभएनि रिटायर्ड भएर जाने कर्मचारीलाई बर्सेनि किस्ता बन्दिमा भूक्तानि गर्ने परिपाटी मिलाएर भएनि यो पटक कर्मचारीको संख्यामा व्यापक कटौति गर्न सरकारले कम्मर कस्नु पर्छ र त्यसपछि मात्रै नेपालको कर्मचारी प्रशासनमा सुधार हुन सक्दछ र भष्टाचारको अन्त्य हुन सक्दछ। त्यसैले यो पटकको सरकारको कर्मचारी सुधारको अभियानलाई सबैले साथ दिन जरुरी छ।देश बनाउने पैलो आधार भनेका कर्मचारी हुन समय सापेक्ष यो क्षेत्रमा सुधार गर्न नसके जतिसुकै देश बनाउने हुटहुटि पालेनि देश बनाउन सकिन्न त्यसैले प्रधानमन्त्रीले यता ध्यान दिनै पर्छ !

# डोल्पामा घर फोडेर चोरी गर्ने दुई जना पक्राउ

**युग संवाददाता**
**सुर्खेत, १२ भदौ ।**

डोल्पोबुद्ध गाउँपालिका-२ कलाङमा घरमा कोही नभएको मौका छोपी ताला फोडेर चोरी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-४ का ३७ वर्षीय तिलक भण्डारी र वडा नं. ३ खदीका ३२ वर्षीय निशान भण्डारी छन्।

जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार गत साउन ८ गते राति कलाङमा बसोबास गर्दै आएका तीन जनाको घरमा चोरी भएको सूचना आएपछि अनुसन्धान अघि बढाइएको थियो। प्रहरी निरीक्षक पदम रावलको कमान्डमा खटिएको टोलीले अनुसन्धानका क्रममा उनीहरूलाई साउन २० गते डोल्पोबुद्ध-२ बाट चोरीका सामानसहित पक्राउ गरेको हो।

प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट चोरी भएको १ लाख ४३ हजार ८ सय ५५ रुपैयाँ नगद, ६ सय ७० वटा यार्सागुम्बा, एन्ड्रोइड मोबाइल तीन थान, किप्याड मोबाइल दुई थान, स्मार्ट घडी दुई थान, गरगहना, दुर्बिन, पावर बैंक, टर्चलाइटलगायतका सामान बरामद गरिएको छ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंगलिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

**RARA Printing Pvt.Ltd.**
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
**रारा प्रिन्टीङ्ग प्रा.लि.**
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।